चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०८३/०३/१९ गते

समय :- बिहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग) का का.बा. नगर प्रमुख श्री इश्वरी कुमारी शर्मा बि.एम.ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | इश्वरी कुमारी शर्मा (बि.एम.) | का.बा. नगर प्रमुख | |
| २ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ३ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ४ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ५ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ६ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ७ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ८ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| ९ | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| १० | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| ११ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १२ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १३ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १४ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १५ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १६ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १७ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १८ | भिमा थापा | कार्यपालिका सदस्य | |
| १९ | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २० | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २१ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २२ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २३ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २४ | रामप्रसाद शर्मा | सचिव | |

## मिति २०८३ असार १९ गतेको ६४औं नगर कार्यपालिका बैठकका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | वर्षातका कारण अवरोध भएका मुख्य सडकहरू सञ्चालनमा ल्याउने सम्बन्धमा | वर्षातको समयमा चौरजहारी नगरपालिका क्षेत्रभित्रका विभिन्न मुख्य सडकहरूमा पहिरो, सडक कटान तथा ढुंगा/माटो थुप्रिएर यातायात सञ्चालनमा अवरोध सिर्जना भई सर्वसाधारणको आवागमन, अत्यावश्यक सेवा प्रवाह, विपद् उद्धार तथा दैनिक उपभोग्य वस्तुको ढुवानीसमेत प्रभावित भएमा यस नगरपालिकाको व्याक्होलोडर प्रयोग गरी तत्काल सडक सञ्चालन गर्ने । | |
| ३ | ठेक्काको म्याद थप सम्बन्धमा | यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमअन्तर्गत चौरजहारी नगरपालिका-४, रुकुम (पश्चिम भाग) मा विनियोजित **भकुन्डे - टाटा - फलाट - वडा कार्यालय - अमलाटाकुरा - ज्यूला सडक स्तरोउन्नती (ठेक्का नं. CJM/WORKS/NCB/03/082/083)** तथा चौरजहारी नगरपालिका-६, रुकुम (पश्चिम भाग) **शान्तिबजार - घर्तिकाँडा - वडा कार्यालय - खागल सडक स्तरोउन्नती (ठेक्का नं. CJM/WORKS/NCB/03/082/083)** को कार्य सम्पन्न गर्ने क्रममा इन्धन तथा निर्माण सामग्रीको मूल्यवृद्धि, प्रतिकूल मौसम, ढुवानीमा भएको कठिनाइ तथा अन्य प्राविधिक तथा व्यावहारिक कारणबाट तोकिएको समयभित्र कार्य सम्पन्न हुन नसकेको कारण खुलाइ | |

| क.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
| --- | --- | --- | --- |
| | | सम्बन्धित निर्माण व्यवसायीले पेस गरेको निवेदन र प्राविधिक प्रतिवेदन समेतका आधारमा प्रचलित कानुनबमोजिम ठेक्काको म्याद थप गर्ने । | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

**चौरजहारी नगरपालिका नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ८ बमोजिम मिति २०८३ असार १९ गतेको ६४औं बैठकबाट भएका निर्णयहरू :**

चौरजहारी नगरपालिका नगरकार्यपालिकाको बैठक नगरपालिकाका का.वा. नगरप्रमुख श्री इश्वरी शर्मा बि.एम.ज्यूको अध्यक्षता तथा नगरकार्यपालिकाका अन्य सदस्यहरूको उपस्थितिमा मिति २०८३ साल असार १९ गते शुक्रबार बिहान १०:०० बजे चौरजहारी नगरपालिका नगरकार्यपालिकाको सभा हलमा बसी बैठकमा पेश भएको प्रस्ताव र कार्यसूचीमा उल्लेख भएका विषयका सम्बन्धमा छलफल गरी देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १: यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्था सम्बन्धी समीक्षा गरियो । साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने।

**निर्णय नं. २: वर्षातका कारण अवरोध भएका मुख्य सडकहरू सञ्चालनमा ल्याउने सम्बन्धमा** छलफल गर्दा वर्षातको समयमा चौरजहारी नगरपालिका क्षेत्रभित्रका विभिन्न मुख्य सडकहरूमा पहिरो, सडक कटान तथा ढुंगा/माटो थुप्रिएर यातायात सञ्चालनमा अवरोध सिर्जना भई सर्वसाधारणको आवागमन, अत्यावश्यक सेवा प्रवाह, विपद् उद्धार तथा दैनिक उपभोग्य वस्तुको ढुवानीसमेत प्रभावित भएमा वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा गरेमा त्यस्ता अवरोध भएका सडकहरू यथाशीघ्र सञ्चालनमा ल्याउन आवश्यक मर्मत, सरसफाइ, पहिरो पन्छाउने कार्यका लागि नगरपालिकाको व्याक्होलोडर प्रयोग गरी तत्काल सडक सञ्चालन गर्ने र सो वापत लाग्ने आवश्यक खर्च नगरपालिकाको सडक मर्मत शीर्षकबाट व्यहोर्ने र सो कार्यान्वयन, समन्वय तथा आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी कार्यालयलाई दिने ।

**निर्णय नं. ३: ठेक्काको म्याद थप सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमअन्तर्गत चौरजहारी नगरपालिका-४, रुकुम (पश्चिम भाग) मा विनियोजित **भकुन्डे - टाटा - फलाट - वडा कार्यालय - अमलाटाकुरा - ज्यूला सडक स्तरोउन्नती** (ठेक्का नं. **CJM/WORKS/NCB/03/082/083**) तथा चौरजहारी नगरपालिका-६, रुकुम (पश्चिम भाग) **शान्तिबजार - घर्तिकाँडा - वडा कार्यालय - खागल सडक स्तरोउन्नती** (ठेक्का नं. **CJM/WORKS/NCB/03/082/083**) सम्बन्धमा छलफल गर्दा, निर्माण कार्य सम्पन्न गर्ने क्रममा इन्धन तथा निर्माण सामग्रीको मूल्यवृद्धि, प्रतिकूल मौसम, ढुवानीमा भएको कठिनाइ तथा अन्य प्राविधिक तथा व्यावहारिक कारणबाट तोकिएको समयभित्र कार्य सम्पन्न हुन नसकेको कारण खुलाइ सम्बन्धित निर्माण व्यवसायीले पेस गरेको निवेदन र प्राविधिक प्रतिवेदन समेतका आधारमा



...शर्मा बि.एम.

करिब ७०% काम सम्पन्न भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सोको नियमावलीको नियम १२० बमोजिम आवश्यक प्रक्रिया पूरा गरी ठेक्काको म्याद थप गर्ने र चालु आर्थिक वर्षभित्र सम्पन्न भएको कार्यको नापजाँच तथा प्रमाणीकरणका आधारमा नियमबमोजिम रनिङ्ग बिल भुक्तानी गर्ने तथा बाँकी कार्य सम्पन्न गर्न आवश्यक पर्ने बजेट रकम आगामी नगरसभाबाट स्रोत सुनिश्चित गरी विनियोजन भएपछि प्रचलित कानुनबमोजिम कार्यान्वयन गर्ने गरी नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख